# निर्वाचन आयोग, नेपाल

## सूचना

“संवत २०७४ साल माघ २४ गते बुधबार का दिन सम्पन्न हुने राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनका लागि राष्ट्रियसभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा १७ बमोजिम राजनीतिक दलहरुको तर्फबाट राष्ट्रियसभा सदस्य पदका लागि खडा गरिने उम्मेदवारहरुको मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सम्बन्धित दलको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना यस आयोगको कान्तिपथ, काठमाडौं स्थित कार्यालयमा मिति २०७४।१०।३ गते सम्ममा उम्मेदवारहरुको मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको सम्बन्धित राजनीतिक दलहरुलाई सूचित गरिएको छ ।

यसरी मनोनयनको औपचारिक पत्र पेश गर्ने पदाधिकारीको नाम, थर, पद र दस्तखत नमूना पेश गर्दा देहाय बमोजिमको प्रकृया पूरा गर्नुपर्ने व्यहोरा समेत सुचित गरिएको छ :-

१. दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिले सोही समितिको पदाधिकारीलाई त्यस्तो दलको तर्फबाट मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको पदाधिकारीको नाम, थर, पद र निजको दस्तखतको नमूना आयोगमा पेश गर्न तोक्ने गरी गरेको निर्णयको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने,

२. प्रकरण १ बमोजिमको मनोनयन पत्रको औपचारिक पत्र प्रदान गर्नका लागि सम्बन्धित दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीको नाम, थर, पद र दस्तखत नमूनाको सक्कलै प्रति पेश गर्नुपर्ने,

३. प्रकरण २ बमोजिमको मनोनयन पत्रको औपचारिक पत्र प्रदान गर्नका लागि सम्बन्धित दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको एक वा सोभन्दा बढी संख्यामा पदाधिकारी तोक्न सकिने र यसरी एकभन्दा बढी संख्यामा पदाधिकारी तोक्दा आयोगले निर्धारण गरेको ढाँचामा निजले औपचारिक पत्र प्रदान गर्ने अधिकार पाएको क्षेत्र (प्रदेश) समेत खुलाई छुट्टा-छुट्टै फारम पेश गर्नुपर्ने,

४. प्रकरण २ वा ३ बमोजिमको दलको मनोनयनको औपचारिक पत्र प्रमाणित गर्ने पदाधिकारी निर्वाचन आयोगमा अद्यावधिक गरिएको सो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारी हुनुपर्ने ।

**द्रष्टव्यः** दस्तखत नमूना फारमको ढाँचा आयोगको वेबसाइट **www.election.gov.np** बाट डाउनलोड गरी वा दस्तखत नमूना फारम वितरणका लागि निर्वाचन आयोगको कानून तथा राजनीतिक दल सम्बन्ध महाशाखाबाट प्राप्त गर्न सकिनेछ । सार्वजनिक बिदाका दिनमा समेत आयोगको कार्यलय खुला रहनेछ ।”

## अनुसूची-१

## (राष्ट्रियसभा सदस्य निर्वाचन प्रयोजनार्थ)

**श्री निर्वाचन आयोग,**
**कान्तिपथ, काठमाडौं ।**

राष्ट्रियसभा सदस्यको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७४ को दफा १७ को उपदफा (१) को प्रयोजनको लागि संवत् २०७४ साल माघ २४ गते राष्ट्रियसभा सदस्य निर्वाचनमा ........................................................ राजनीतिक दलको तर्फबाट मनोनयन गरिने उम्मेदवारको मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार दिइएको पदाधिकारीको विवरण एवं निजको दस्तखत नमूना देहाय बमोजिम छ :-

पदाधिकारीको पूरा नाम, थर :-.................................................

पद (केन्द्रीय समिति) :-...........................................................

राजनीतिक दलको पूरा नाम :-..................................................

औपचारिक पत्र प्रदान गर्ने अधिकार दिइएको प्रदेश (नेपालभर वा कुन प्रदेशको लागि अधिकार दिइएको हो, उल्लेख गर्ने) :- ...........................................................................................

..............................................................................................................................

फोन नं. :-.........................................................

फ्याक्स नं...........................................................

ईमेल-ठेगाना :-....................................................

**<u>पदाधिकारीको दस्तखत नमूना</u>**

१. :-

दस्तखत प्रमाणित गर्ने पदाधिकारीको,-

दस्तखत :-

मिति :- २०७४।...।...

नाम, थर :-

राजनीतिक दलको छाप

पद :-

फोन/मोबाइल नं. :-